# आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक

# प्रगति विवरण

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

अनुगमन तथा मुल्याङ्कन शाखा

२०७७

# पृष्ठभूमि

यस प्रतिवेदनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको चालु आ.व.२०७७/७८ को पहिलो चौमासिकमा सम्पन्न भएका कार्यहरूको समष्टिगत प्रगतिलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ । नेपाल सरकारको नीति तथा कार्यक्रमहरूको लक्ष्यलाई प्राप्त गर्न विनियोजित बजेटको सीमाभित्र रहेर यस आर्थिक वर्षको पहिलो चार महिनामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनको क्षेत्रमा सम्पन्न भएका मुख्य उपलब्धिहरूलाई एकिकृत गरिएको छ ।पन्ध्रौं योजनाका दिर्घकालीन सोच र लक्ष्य अनुसारका सूचकहरूको प्रगति तथा दिगो विकास लक्ष्यका सूचकहरूको प्रगति समेत यहाँ प्रस्तुत गरिएको छ ।


आ.व. २०७७/७८ मा यस मन्त्रालयको कुल बजेट २६ अर्ब १२ करोड ३१ लाख रहेको छ भने प्रथम चौमासिकमा विनियोजित बजेटको ३ प्रतिशत खर्च भएको छ । राष्ट्रिय गौरवका आयोजनाहरू मध्ये गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यको समष्टिगत भौतिक प्रगति ९३ प्रतिशत रहेको र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको ६६ प्रतिशत भौतिक प्रगति हासिल भएको छ ।निजगढ क्षेत्रीय अन्तर्राष्ट्र्य विमानस्थल निर्माणको लागि पूर्वतयारीका कार्यहरू अगाडी बढाइएको छ ।लुम्बिनी विकास कोष तथा पशुपति क्षेत्र विकास कोषको प्रथम चौमासिकसम्मको भौतिक प्रगति क्रमश ८५ प्रतिशत र ७० प्रतिशत रहेको छ ।


त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार तथा स्तरोन्नतिको कार्य प्रगति ९८ प्रतिशत पुगेको छ । चौमासिक अवधिमा ग्रेट हिमालयन ट्रेल निर्माण कार्य ५० कि.मि. थप भई ३८२ कि.मी. सम्पन्न भएको र सातै प्रदेशमा संचालित नमुना पर्यटकीय गन्तव्यहरूको पहिलो चरणको निर्माण कार्यमा ९७ प्रतिशत प्रगति भई सम्पन्न हुने क्रममा रहको छ। हालसम्म भुकम्पबाट क्षतिग्रस्त ४६५ सम्पदाहरूको पुनःनिर्माण कार्य सम्पन्न भइसकेको छ। कोरोनाको विश्वव्यापी महामारीले पर्यटन क्षेत्रलाई प्रत्यक्ष रुपमा असर गरेको छ ।यद्यपी पन्ध्रौं योजनाका लक्ष्य तथा दिगो विकासका लक्ष्यहरू प्रगति उन्मुख नै रहेका छन् भने सम्पन्न हुनु पर्ने बार्षिक नीति तथा कार्यक्रमहरूको माइलस्टोनहरू ७०.८ प्रतिशतले सम्पन्न भई सकारात्मक अवस्थामा रहेको देखिएको छ ।

# मन्त्रालयको बजेट र खर्चको स्थिति

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आ.व. २०७७/०७८ को कुल बजेट २६ अर्ब १२ करोड ३१ लाख रहेको ।जसमध्ये चालु तर्फ ३ अर्ब ७५ करोड ८१ लाख (१४.३८%), पूँजीगत तर्फ १ अर्ब ९० करोड ९० लाख (७.३%) रहेको छ भने २० अर्ब ४५ करोड ६५ लाख (७८.३%) वित्तीय व्यवस्था तर्फ विनियोजन भएको छ । विनियोजित बजेट मध्ये आर्थिक वर्षको प्रथम चौमासिकमा चालु तर्फ १५ प्रतिशत, पूँजीगत तर्फ ५ प्रतिशत खर्च भएको छ ।


| **खर्च शीर्षक** | **विनियोजित बजेट (रू लाखमा)** |
|---|---|
| चालु | ३७५८१ |
| पूँजीगत | १९०८५ |
| **जम्मा** | **५६६६६** |
| | |
| वित्तीय | २०४५६५ |
| **कुल** | **२६१२३१** |







# आ.व. २०७६/७७ तथा २०७७/७८ को प्रथम चौमासिकको भौतिक तथा वित्तीय प्रगतिको तुलनात्मक स्थिति

## भौतिक प्रगति




## वित्तीय प्रगति





चालु आ.व.को प्रथम चौमासिकको भौतिक र वित्तिय प्रगतिलाई गत आ.व.को सोही अवधिको प्रगतिसंग तुलना गरी माथिको चार्टमा प्रस्तुत गरिएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिकमा सबै भन्दा बढी भौतिक प्रगति पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थलको रहेको थियो । लुम्बिनी विकास कोषले शतप्रतिशत प्रगति प्राप्त गरेको देखिन्छ ।सबै भन्दा कम निजगढ अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलको १ प्रतिशत प्रगति रहेको भएतापनि आ.व. २०७७/७८ को सोही अवधिमा यी दुवै आयोजनाहरूको प्रगतिमा सुधार भएको देखिन्छ ।

समग्रमा हेर्दा प्राथमिकताप्राप्त आयोजनाहरू मध्ये आ.व. २०७६/७७ र आ.व. २०७७/७८ दुवै आर्थिक वर्षहरूमा भौतिक प्रगति तर्फ ५ वटा आयोजनाहरूको ८० प्रतिशत भन्दा बढी १ आयोजनाको ५० देखि ८० प्रतिशत र ३ वटाको ५० प्रतिशत भन्दा कम प्रगति भएको छ । वित्तीय प्रगति तर्फ आ.व. २०७६/७७ मा २ वटा आयोजनाहरूको ८० प्रतिशत भन्दा बढी १ आयोजनाको ५० देखि ८० प्रतिशत र ६ वटाको ५० प्रतिशत भन्दा कम प्रगति भएको छ। आ.व. २०७७/७८ को सोही अवधिमा १ आयोजनाहरूको ८० प्रतिशत भन्दा बढी १ वटाको ५० देखि ८० प्रतिशत र ७ वटाले ५० प्रतिशत भन्दा कम प्रगति भएको छ ।

समग्रमा तुलना गर्दा कोभिड-१९ को असरका बाबजुद पनि आ.व. २०७७/७८ को प्रथम चौमासिकमा भएको प्रगतिलाई राम्रो नै मान्न सकिने र थप सकारात्मक वातावरण सृजना भएमा आर्थिक वर्षको अन्त्यसम्ममा उल्लेख्य प्रगति प्राप्त हुने अनुमान गर्न सकिन्छ ।

## राष्ट्रिय गौरवका आयोजनाहरूको हालसम्मको भौतिक तथा वित्तीय प्रगति प्रतिशतमा



# पन्ध्रौं योजनाका सूचकहरूको प्रगति

पन्ध्रौं योजनाले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" को दिर्घकालीन सोच तथा गन्तव्यको आधारमा दशवटा प्रमुख नतिजा क्षेत्र अन्तरगत ४६६ वटा विषय क्षेत्रगत नतिजा सूचकहरू तयार गरिएका छन् । जसमध्ये चारवटा प्रमुख नतिजा क्षेत्रका १८ वटा सूचकहरू संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसंग सम्बन्धित रहेको छ ।उक्त सूचकहरूको प्रगतिलाई देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

| **प्रमुख नतिजा क्षेत्र** | **नतिजा सूचक** | **एकाई** | **आ.व. २०७७/७८ को लक्ष्य** | **आ.व. २०७६/७७ सम्मको प्रगति** | **आ.व. २०७७/७८ को प्रथम चौमासिकसम्मको प्रगति** |
|---|---|---|---|---|---|
| १. उच्च समतामूलक आय | ३५.पर्यटनमा विदेशी मुद्रा आर्जन | अमेरिकी (करोडमा) | १३२ | ७२.४३ | - |
| ३. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता | १६.आन्तरिक हवाई यातायात प्रयोग गर्ने यात्रु | संख्या (लाखमा) | ३४.४६ | ३१.८८ | २.३३ (२०१९ अक्टोबर) |
| | १७.अन्तर्राष्ट्रिय हवाई यातायात प्रयोग गर्ने यात्रु | संख्या (लाखमा) | ५२.६८ | ४१.३८ | १.१२ (२०१९ सेक्टेम्बर) |
| | ३२.द्विपक्षीय हवाई सम्झौता भएका मुलुक | संख्या | ४१ | ४० | - |
| | ३३.अन्तराष्ट्रिय तथा क्षेत्रीय विमानस्थल | संख्या | ३ | १ | - |
| | ३४.आन्तरिक विमानस्थलको स्तरोन्नति | संख्या | ३७ | ३५ | - |
| ४. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २. अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ६ | २.०५ | - |
| | २८.विदेशी पर्यटन आगमन | संख्या (हजारमा) | २००० | ११.९७ | - |
| | २९. विदेशी पर्यटकको औसत बसाई | दिन | १३.५ | १२.७ | - |
| | ३०.प्रति पर्यटक खर्च (प्रति दिन) | अमेरिकी डलर | ६१ | ४८ | - |
| | ६३.नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट | संख्या (लाखमा) | १२० | ८० | - |
| | ३१.पर्यटन क्षेत्रमा थप प्रत्यक्ष रोजगारी सिर्जना | संख्या (हजारमा) | ७५ | ३.८ | - |

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७७/७८ को लक्ष्य | आ.व. २०७६/७७ सम्मको प्रगति | आ.व. २०७७/७८ को प्रथम चौमासिकसम्मको प्रगति |
|---|---|---|---|---|---|
| | ६४.पर्यटन स्तरको होटल बेड | | | | |
| | ५ तारे होटल | होटल संख्या | २१ | | १५ |
| | | बेड संख्या | ४३६५ | | ३३५४ |
| | १-४ तारे होटल | होटल संख्या | १९५ | | १२६ |
| | | बेड संख्या | १६५७५ | | ९९०४ |
| | अन्यहोटल | होटल संख्या | १४९७ | ११५१(सन् २०१९ | प्रदेशमा हस्तान्तरण भएको । |
| | | बेड संख्या | ४४९१० | ३०७९९ | |
| | होमस्टे र क्षमता | होटल संख्या | ३५९ | ३८९ (२०१९मा) | |
| | | बेड संख्या | १४४० | १०८८(२०१९मा) | |
| | ६५. पदमार्ग | कि.मि. | ५५६ | ३३२ | ३८२ |
| | ६६. पहिचान तथा विकास भएका पर्यटकीय गन्तव्यस्थल | संख्या | २०८ | १९२ | प्रदेश नमुना गन्तव्य ७, स्थापित १०० र नयाँ १४८ सहित कुल **२५५** |
| | ६७.पर्यटन क्षेत्रमा उत्पादित दक्ष जनशक्ति | संख्या | १५००० | ९१२८ | १००१८ |
| ६. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | २७.साँस्कृतिक सम्पदाको डिजिटाइजेसन | संख्या | १४५०० | २०००० | - |
| | २८.प्रतिलिपि अधिकार संरक्षण | संख्या | २३०० | १९७४ | १९९२ |

# दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य तथा सूचकहरूको प्रगतिको अवस्था

दिगो विकास लक्ष्य २०३० का १७ वटा लक्ष्यहरू मध्ये लक्ष्य नं. ८ र १२ का केही सूचकहरू पर्यटनसंग सम्बन्धित रहेका छन् ।दिगो विकास लक्ष्यसंग सम्बन्धित सूचकहरूको हालसम्मको प्रगतिको अवस्था देहायबमोजिम रहेको छः-

| |
|---|
| लक्ष्य-८ दिगो आर्थिक वृद्धि र मर्यादित रोजगारी |
| परिमाणात्मक लक्ष्य ८.९- सन २०३० सम्ममा दिगो पर्यटन जसले रोजगारी सिर्जना गर्दछ र स्थानीय संस्कृति र उत्पादनलाई प्रवर्द्धन गर्छ, त्यसलाई प्रवर्द्धन गर्न योजना/नीतिहरू निर्माण |

| (devise)गरी कार्यान्वयन गर्ने । | | | | |
|---|---|---|---|---|
| **सूचकहरू** | | **सन् २०१५** | **सन् २०३०** | **२०७७ कार्तिकसम्मको प्रगति** |
| ८.९.१ | पर्यटन क्षेत्रबाट कुल गार्हस्थ उत्पादन र वृद्धिदरमा पुगेको योगदान | २.६ | ८ | २.०५ |
| १ | पर्यटक आगमन संख्या (१० लाखमा) | ०.८ | ३ | १.१९७ |
| २ | पर्यटनबाट प्राप्त राजश्व (अमेरिकी डलरमा) (१० लाखमा) | | | ०.१४१<br>(रू-१ करोड ६५ लाख) |
| ८.९.२ | पर्यटन क्षेत्रको कुल रोजगारीहरू मध्य दिगो स्वरूपको पर्यटन उद्योगहरूमा उपलब्ध रोजगारीको अनुपात | | | |
| १ | पर्यटन उद्योगहरूमा औसत वार्षिक रोजगारी संख्या (हजारमा) | ९० | १००० | ३८ |

| परिमाणात्मक लक्ष्य १२ ख- रोजगारीहरू सृजना गर्ने र स्थानीय संस्कृति र उत्पादनहरूलाई प्रवर्द्धन गर्ने खालको दिगो पर्यटनको निम्ति सहयोग पुऱ्याउने दिगो विकासका सकारात्मक प्रभावहरूलाई अनुगमन गर्नको लागि औजारहरू (Tools) विकास गरी कार्यान्वयन गर्ने । | | | | |
|---|---|---|---|---|
| **सूचकहरू** | | **सन् २०१५** | **सन् २०३०** | **२०७७ कार्तिकसम्मको प्रगति** |
| १२ ख. १ | दिगो पर्यटन रणनीतिहरू वा नीतिहरू र स्वीकार गरिएका अनुगमन र मूल्याङ्कनका औजारहरू सहित कार्यान्वयन गरिएका कार्ययोजनाहरूको संख्या | - | - | नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना २०१६-२०२५ कार्यान्वयनमा रहेको, प्राथमिकता प्राप्त परियोजनाहरूको अनुगमन ढाँचा २०७६ तयार भई कार्यान्वयनमा रहेको, नेपाल सरकारका नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन कार्ययोजना बमोजिम नियमित अनुगमन र प्रतिवेदन भइरहेको । |

# नीति तथा मुख्य कार्यक्रमहरूको क्षेत्रगत प्रगति विवरण

**(क) संस्कृति क्षेत्र-नीति तथा मुख्य कार्यक्रमहरू**

| |
|---|
| ➢ लुम्बिनीमा निर्माणाधीन ५ हजार व्यक्ति क्षमताको ध्यान केन्द्र तथा सभाहलको निर्माण सम्पन्न गरी सञ्चालन गरिनेछ । लुम्बिनी क्षेत्र विस्तार गर्न बृहत्तर लुम्बिनी अवधारणा कार्यान्वयनमा ल्याइनेछ। |
| ➢ रामग्राम गुरूयोजना कार्यन्वयन गरिनेछ। तिलौराकोटलाई विश्वसम्पदा सूचीमा राख्ने प्रकृया अघि बढाइनेछ। |
| ➢ नेपालको भाषा,साहित्य, कला, संस्कृति र सम्पदाको संरक्षण र सम्वर्द्धन गरिनेछ। प्रतिलिपि अधिकार प्रत्याभूत गरिनेछ । |

**प्रमुख उपलब्धीहरू**

**संस्कृति प्रवर्द्धन तथा पुरातत्व**

- संस्कृति नीति २०६७ लाई समयानुकूल परिमार्जन गर्न नीति परिमार्जन समिति गठन गरिएको ।
- प्राचीन स्मारक संरक्षण ऐन २०१३ को छैठौं संशोधनका लागि संघीय संसदमा पेश गर्न विधेयक मन्त्रिपरिषदबाट स्वीकृत ।
- नेपाल राष्ट्रिय साँस्कृतिक संग्रहालय निर्माण सम्वन्धमा परिमार्जन, 3D र उक्त क्षेत्रको DPR तयार गर्न पुरातत्व विभागलाई जिम्मवारी दिइएको र संग्रहालयको लागि जग्गाको भोगाधिकार प्राप्ती भैसकेको ।
- नेपाल र चीन बीच साहित्यिक क्रियाकलापको सहकार्य गर्ने सम्वन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्य अगाडी बढाईएको ।
- पुरातात्विक महत्वका ३१ हजार अभिलेखको डिजिटाइजेसन कार्य सम्पन्न भएको ।
- सातवटै प्रदेशका महत्वपुर्ण सम्पदाहरू निर्माण तथा संरक्षण कार्य सम्पन्न भएको ।
  - प्रदेश नं. १ - बेहेरेश्वर, भद्रेश्वर मन्दिरको पुन:निर्माण कार्य सम्पन्न ।
  - प्रदेश नं. २ को जानकी मन्दिरको संरक्षण कार्य सम्पन्न ।
  - बागमती प्रदेशको रविभवनस्थित NATHM परिसर भित्र रहेको राणाकालिन भवन संरक्षण कार्यका लागि कार्यदेश दिएको ।
  - गण्डकी प्रदेशको मुक्तीनाथ मन्दिर प्रवेशद्धारको दायाँ वायाँको सत्तल सरक्षण गर्ने कार्य सम्पन्न ।

- लुम्बिनी प्रदेशको  मजार बाबाको मन्दिर संरक्षण कार्यका लागि कार्यदिश दिएको ।
- कर्णाली प्रदेशको काँक्रिविहार,  जुम्लाको कनकासुन्दरी मन्दिरको संरक्षण कार्य ६० प्रतिशत सम्पन्न ।
- मकवानपुरगढी तथा दुगुनागढीको संरक्षण कार्यको ड्रईंग डिजाईन तयार भई खरिद प्रकृयामा रहेको ।

- तिलौराकोट लाई विश्व सम्पदा सूचीमा राख्नका लागि नक्शांकन  कार्य सम्पन्न भएको ।
- काष्ठकला, प्रस्तरकला, मूर्तिकलाको संयोजनमा PPP अवधारणामा राष्ट्रिय प्रतिमूर्ति संग्रहालय स्थापना गर्नको लागी अवधारणा पत्रको TOR स्वीकृति भएको ।संखरापुर नगरपालिकाको जरसिंह पौवामा स्थान छनौटको सहमति भएको ।
- साँस्कृतिक मेला आयोजना गर्नका लागि प्रदेश नं. २ मा पर्व छनौट भएको र  अन्य प्रदेशहरूको हकमा पर्वहरूको नामावली प्राप्त हुने क्रममा रहेको ।
- विश्व सम्पदाको सम्भावित सूचिमा समावेश मुस्ताङ जिल्लाको एक्लेभट्टी काकनिंगवा स्थित Petroglyph (ढुंगामा कोरिएको प्रचीन चित्रकला)सरक्षण गर्ने कार्यको खरिद प्रक्रिया सम्पन्न भएको । विश्व सम्पदाको अन्य अध्ययन अनुसन्धानका कार्यहरूको लागि परामर्शदाता छनौट कार्य  भईरहेको ।

**पुननिर्माण तर्फ**

हालसम्म ४६५ वटा सम्पदाको संरक्षण तथा पुनःनिर्माण कार्य सम्पन्न भएको । टेकु पचली भैरव मन्दिर परिसरको घ्योंछे ,  गोरखा जिल्ला पालुङ्गटार वडा न ६स्थित कलात्मक पौवा, ललितपुरस्थित शंखमुलको क्रियापुत्रि पाटी , गुईतटोलको प्रथमश्री महाविहार, सुवालको गणेश मन्दिर, भिमेश्वर न पा १ चरीकोटस्थित चरीघ्यांग गुम्वा, दक्षिणकाली न.पा. ६ स्थित  उग्रचण्डी भगवती मन्दिर, भक्तपुरको गणेश मन्दिर तथा सत्तल, बुंगमतीस्थित हेग्रिव मन्दिर, काठमाडौ जिल्ला मैतीदेवी मन्दिरको उत्तरतर्फको मयूरकुण्डसंगैको पाटी सहित १० वटा सम्पदाहरूको संरक्षण तथा पुनःनिर्माण कार्य सम्पन्न भएको।

**भाषा आयोग**

- प्रादेशिक भाषा सङ्गोष्ठीका लागि प्रकृया तथा खाका निर्धारण भएको ।
- सप्तरी, सिरहा, धनुषा र महोत्तरी जिल्लामा प्रादेशिक भाषा सङ्गोष्ठी सम्पन्न।
- कुसुण्डा, बराम र तिलुङ भाषा कक्षा संचालनका लागि पाठ्यसामग्री निर्माण र स्थलगत अध्ययन सम्पन्न।
- बक्ता संख्या कम रहेका तथा अन्य भाषाहरूको संरक्षण,सम्वर्धन तथा अभिलेखिकरण गर्न अध्ययन अनुसन्धानका लागि भाषा छनोट भएको।
- अध्ययन अनुसन्धानका लागि ३० वटा भाषाहरू छनौट गरिएको।
- कठरिया, धुलेली, थामी, दुङमाली, थुलुङ र मारेक याक्खाको शव्द संकलनका सन्दर्भमा भाषिक वक्ता संयोजक, भाषाशास्त्री र अनुसन्धाता छनौट, सम्झौता र कार्ययोजना निर्माण गरिएको ।

**पशुपति क्षेत्र विकास कोष**

- दुग्धधारी सत्तलको पुनर्निर्माणका लागि भागवतानन्द सन्यास आश्रमले प्रतिबद्दता व्यक्त गरेकाले संझौता प्रक्रियामा रहेको ।
- विश्वरूपा मन्दिरमा रहेको विशाल मूर्ति मर्मत संभार गरी जडान कार्य समेत सम्पन्न भैसकेको छ ।
- बज्रघर सत्तलको डि.पि.आर. तयार गरी पुरातत्व विभागमा सहमतिको लागि पठाइएको ।

**लुम्विनी विकास कोष**

- लुम्विनीमा निर्माणाधीन ५ हजार व्यक्ति क्षमताको ध्यान केन्द्र तथा सभाहलको पहिलो चरणको निर्माण कार्य ९८ प्रतिशत सम्पन्न। चिनबाट सामग्री आउन ढिलो भएकोले फागुन १५ सम्म म्याद थप भएको र हाल सामान प्राप्त भई कार्य सुचारु रहेको ।
- दोस्रो चरणको निर्माण कार्यका लागि बोलपत्र सम्पन्न भई प्राविधिक प्रस्तावहरूको मूल्याङ्कन भइरहेको ।

**राष्ट्रिय अभिलेखालय**

- हालसम्म ३०,००० (तिसहजार) पुराना अभिलेखहरूलाई माइक्रोफिल्म स्क्यानिङ्ग सम्पन्न गरी अध्यावधिक गरिएको ।
- राष्ट्रिय अभिलेख संरक्षण तथा व्यवस्थापन सम्बन्धी नीतिको मस्यौदा बनाउने कार्य भैरहेको।
- नारायणहिटी दरवारमा रहेका महत्वपूर्ण डकुमेण्टहरूलाई संरक्षण गरी राख्ने कार्य नियमित भैरहेको ।

**नेपाल सँगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान**

- लोक तथा राष्ट्रिय गितहरूको स्वरलिपी सहित पुस्तक प्रकाशनका लागि गित छनौट कार्य सम्पन्न भएको ।
- विराटनगरमा नाटक निर्देशन र अभिनय प्रशिक्षण सम्पन्न ।
- ओलाङ्चुङ्गगोलाको वालुङ समुदाय, लुम्बिनी प्रदेशको थारु समुदाय र दार्चुला जिल्लाको सौका समुदायका लोपोन्मुख भाकाहरूको लागि सम्वन्धित समुदायका विज्ञ र सरोकारवलासँग लय तथा भिडियो संकलनका लागि स्थलगत भ्रमण कार्य आरम्भ ।
- नृत्यकारहरूको जीवनी, गीत सङ्गीत क्षेत्रका श्रष्टा कलाकारहरूको विवरण संकलनको काम जारी रहेको ।
- दूराजातिको लोपोन्मुख ठाडो भाकाको अध्ययन एवं छायाङ्कन गर्ने कार्यको प्रस्ताव स्वीकृत ।
- विभिन्न नृत्य, गित, श्रष्टा, मुस्लिम जातिको संस्कार गीत, डोट्यालि र दोहोरी गित एवम् फागु गितहरूको अध्ययन अवधि, नेवारी तथा डोटेली भाषामा प्रचलित फागु गीतको तुलनात्मक अध्ययन कार्य सञ्चालनमा रहेको ।

**साँस्कृतिक संस्थान**

- हल संचालन तथा मर्मत संभार चालु रहेको ।
- अतिरिक्त कार्यक्रम(गोपाल योञ्जन स्मृति कार्यक्रम) सम्पन्न ।

**हलेसी महादेवस्थान विकास समिति**

- महादेवको मन्दिर परिक्रमा गर्ने परिपथ १५५ मीटरमा ढुङ्गा बिच्छ्याउने कार्य गत बर्ष सम्पन्न भएको र बाँकी २५ मिटरमा ढलान कार्य सम्पन्न गरी ढुङ्गा बिच्छ्याउनको लागि तयारी सम्पन्न गरिएको ।
- खानेपानी व्यवस्थापन, डोरामाला पसल ट्रसघर निर्माण तथा ककनी मन्दिर मर्मत उपभोक्ता समिति गठन भएको ।
- २५ किलो चाँदीको शिवलिङ्ग निर्माण सम्पन्न भई ल्याउने कार्य प्रक्रियामा रहेको ।
- सहायक तिर्थस्तलहरू (सप्तेश्वर, गुप्तेश्वर, मन्जुश्री, ककनी) को व्यवस्थापन गरिएको ।
- समिति क्षेत्रमा उपयुक्त सभाहलको लागि डिपिआर तयार भएको । स्रोत व्यवस्थापनको लागि पहल भैरहेको ।

**मनकामना क्षेत्र विकास समिति**

- दर्शनार्थीहरुको सुविधाका लागि विभिन्न संरचनाहरु निर्माण सम्पन्न भएका ।

**(ख) पर्यटन क्षेत्र - नीति तथा मुख्य कार्यक्रमहरू**

| |
|---|
| ➢ पर्यटन क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभाव र बाह्य कारण समेतले पार्ने प्रभावको अध्ययन गरी पुनरुत्थान लगायत दिगोपर्यटनका कार्यक्रम कार्यन्वयन गर्नेछ। |
| ➢ सम्भाव्य पहाडी र हिमाली क्षेत्रमा अत्याधुनिक सुविधासहितका हिल स्टेशन र पर्यटकीय सेवा सुविधा भएका होटल तथा रिसोर्टका पूर्वाधार विकास गर्न प्रोत्साहित गरिनेछ। |
| ➢ पर्यटकीय होटेल तथा रिसोर्टहरूसँग अग्रसम्बन्ध विकास गर्ने गरी स्थानीयस्तरमा अर्गानिक कृषि उत्पादनका ठूला फार्म सञ्चालनमा ल्याउन प्रोत्साहन गरिनेछ । |

## प्रमुख उपलब्धीहरुः

**पर्यटन विभाग**

- ईन्द्रसरोवर, सन्दकपुर, पञ्चासे, भादागाउँ , निग्लिहवा र धनुषाधामको पहिलो चरण निर्माण कार्य सम्पन्न भई दोस्रो चरणको निर्माण कार्यको सम्झौता भई कार्य शुरु भएको ।
- रारा ताल क्षेत्रको वृहत गुरुयोजना तयार गर्न DPR तथा IEE तयार गर्न आवश्धक TOR तयार भै खरिद प्रकृयामा रहेको ।
- रारा क्षेत्रको प्रथम चरणको कार्य ८० प्रतिशत सम्पन्न भएको ।
- मुक्तिनाथ क्षेत्रको आनि (भिक्षुणी) आवासको ५० प्रतिशत निर्माण कार्य सम्पन्न भएको तथा कागबेनीको पिण्डस्थान पुनर्निर्माणको प्रथम चरणको कार्य सम्पन्न भएको ।

- सात प्रदेशको एक-एक स्थानमा हिल स्टेशनको लागि आवश्यक पर्यटकिय पूर्वाधार निर्माणका लागि परामर्शदातासँग सम्झौता भै अध्ययन कार्य भैरहेको, Inception Report प्राप्त भएको ।
- ग्रेट हिमालयन ट्रेल (मकालु, कञ्चनजङ्गा, यार्सट्रिल, च्छो रोल्पा लगायतका क्षेत्रमा १०० किमी) निर्माण कार्य ३० प्रतिशत सम्पन्न भई थप ५० कि.मी. निर्माण सम्पन्न भएको ।
- कालिञ्चोकको कुरी र धार्चे गाउँपालिका तथा मिरा पीकमा स्कीको सम्भाव्यता लागि स्थलगत अध्ययन सम्पन्न भएको ।
- पदयात्रा र पर्वतारोहण सम्बन्धी प्रोटोकल निर्माण कार्य सम्पन्न भएको ।
- उपत्यका वरिपरी प्रमुख हाईकिङ्ग गन्तव्यहरू तथा एडभेञ्चर साईक्लिङ्ग रुटको लागि बोलपत्र आह्वान भै सकेको ।
- पदयात्रा तथा हिमाल आरोहणमा जाने पर्यटकको GPS Tracking System परामर्श सेवाका लागि प्रस्ताव आह्वान सम्पन्न भएको ।
- यस अवधिमा २० वटा होटल तथा रिसोर्टहरूको IEE को TOR र २६ वटाको अन्तिम प्रतिवेदन स्वीकृत भएको ।

**पर्यटन बोर्ड**

- Sustainable Tourism for livelihood Recovery अवधारणा पत्र तथा परियोजना दस्तावेज तयार भएको ।
- पर्यटन सम्बन्धी विभिन्न संघसंस्था आवद्ध करिव ६०० जना कर्मचारीहरूलाई (Health Hygiene and Sanitation Protocol -HHS Protocol) सम्वन्धी तालिम प्रदान गरिएको ।
- विभिन्न Virtual Platform को माध्यमबाट अन्तर्राष्ट्रिय बजारमा नेपालको पर्यटन प्रवर्द्धन गरिएको जस्तै Virtual PATA Travel Mart 2020,BUZZ Expo China, WTM Virtual 2020 ।
- केन्द्रीय तथ्यांक बिभागको सहकार्यमा आन्तरिक पर्यटन सम्बन्धी घरधुरी सर्भेक्षणको प्रश्नावलीको पूर्व परीक्षण सम्पन्न भएको ।
- समग्र भूगोलको (Digital Data Base) भू सूचना प्रणाली मार्फत तथ्यांक व्यवस्थापन कार्यक्रम नेपालमा भएका विश्वविद्यालय मार्फत कार्यन्वयन गर्न प्रक्रिया थालनी गरिएको ।

- १२ वटा पर्यटक श्रोत बजारहरूको अध्ययन गरी Ways Forward and Proposed Action Plan in Present Context प्रतिबेदन तयार गरिएको ।
- नोभेम्बर ९ देखि ११ मा आयोजित WTM Virtual 2020 मा सहभागिता जनाई विभिन्न प्रवर्द्नात्मक भिडियो, फोटो साथसाथै Virtual Meeting मार्फत नेपालको पर्यटन प्रवर्द्दन गरिएको ।
- Geo–Park निर्माणका लागी किर्तिपुर (T.U) र लैनचौर मध्ये एक स्थानमा स्थापना गर्न स्थान पहिचान भएको ।
- कृषि, स्वास्थ्य र खेल पर्यटनको अवधारणाको मस्यौदा तयार भएको।
- पुनरुत्थानका कार्यक्रम सञ्चालन सम्बन्धी प्रोटोकल तयार गरि स्वीकृत भएको ।

**नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान**

- नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको कलेज शाखा स्थापना गरी अध्यापन कार्य संचालन गर्न झापा जिल्लाको विर्तामोड, महोत्तरी जिल्लाको बर्दिबास र बाँके जिल्लाको नेपालगन्जमा शाखा कार्यालय स्थापना गरिएको । शैक्षिक कार्यक्रम सञ्चालनको तयारी पुरा भएको ।
- नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सौन्दर्यकरणको अभिवृद्धि तथा पूर्वाधारहरुको सवलीकरण सम्वन्धी कार्यहरु सम्पन्न भएको ।

**तारागाउँ विकास समिति**

- होमस्टे सम्बन्धी ताप्लेजुङ, काभ्रेपलाञ्चोक र मकवानपुरमा चार दिवसीय तालिम कार्यक्रम सम्पन्न भएको ।
- रसुवा र ताप्लेजुङ जिल्लाको २ स्थानमा होमस्टे संभाव्यता अध्ययनको स्थलगत अध्ययन अवलोकन कार्य सम्पन्न भएको ।

## (ग) नागरिक उड्डयन क्षेत्र-नीति तथा मुख्य कार्यक्रमहरू

| |
|---|
| ➢ त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको धावनमार्ग पुननिर्माण गरिएको छ। आगामी बर्ष यस विमानस्थललाई पूर्णत बुटिक विमानस्थल रुपान्तरण गरिनेछ । |
| ➢ गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल आगामी आर्थिक बर्षदेखि सञ्चालनमा ल्याइनेछ। |
| ➢ पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थलको निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरी सञ्चालनको पुर्वतयारी गरिनेछ। |
| ➢ निजगढ अन्तराष्ट्रिय विमानस्थलको निर्माण कार्य प्रारम्भ गरिनेछ । |
| ➢ थप दुईवटा आन्तरिक विमानस्थलको निर्माण सम्पन्न गरिनेछ तीवनटा विमानस्थलको धावनमार्ग कालोपत्रे गरिनेछ। तेह्रथुमको चुहानडाँडा र काभ्रेपलाञ्चोकको उपयुक्त स्थानमा आन्तरिक विमानस्थल निर्माण कार्य अघि बढाइनेछ । |
| ➢ हवाई उड्डयन क्षेत्रमा नियामक र सेवाप्रदायक कार्यका लागि छुट्टाछुट्टै संस्थागत व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ । |

### प्रमुख उपलब्धीहरुः

### पोखरा क्षेत्रिय अन्तराष्ट्रिय विमानस्थल आयोजना

- समष्टिगत भौतिक प्रगति ६६ प्रतिशत र वित्तिय प्रगति ५०.२७ प्रतिशत रहेको छ।
- २५०० मिटर को धावनमार्ग, ट्याक्सी वे, एप्रोन, आइसोलेटेड पार्किङ एवंम् Access Road को सिभिल निर्माणतर्फको कार्य सम्पन्न भई विद्युतीकरण सम्बन्धी कार्य चालु।
- अन्तर्राष्ट्रिय टर्मिनल भवन, ह्याङ्गर, प्रशासनिक भवन एवंम् कन्ट्रोल टावर लगायत सम्पुर्ण १४ वटा भवनहरू सम्वन्धी कार्यको संरचना निर्माणको कार्य सम्पन्न भई हाल फिनिसिङ्ग सम्वन्धी कार्य चालु ।
- थप जग्गा अधिग्रहणको मुआब्जा बितरण कार्य भैरहेको।

### गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल आयोजना

- समग्र आयोजनाको ९३ प्रतिशत निर्माण कार्य सम्पन्न भएको ।
- आ.व. २०७७/७८ प्रथम चौमासिकको भौतिक प्रगति ४३ प्रतिशत र वित्तीय प्रगति १५ प्रतिशत रहेको ।
- धावन मार्ग लम्बाई ३००० मिटर, चौडाई ६० मि. कालोपत्रे सहित मार्किङ्ग कार्य सम्पन्न ।
- Runway तथा Taxiway कालोपत्रे तथा मार्किङ्गको कार्य सम्पन्न भई लाइट जडानका लागि केवलिङ्गको काम सुचारु ।

- Apron(Aircraft Parking Stand) को निर्माण कार्य सम्पन्न भई मार्किङ्ग समेत सम्पन्न भएको ।
- International Terminal Building को Structural Works सम्पन्न भई Flooring तथा Interior Worksको कार्य अन्तिम चरणमा रहेको ।
- Control Tower मा Aluminum सम्बन्धी कार्य सुचारु हुनुका साथै Building मा रङ्ग रोगन तथा झ्याल ढोकाका साथै Interior Works सम्बन्धी कार्य चलिरहेको ।
- Other Works: Fire Building निर्माण, Fencing, Drainage, Water Supply and Sanitary सम्बन्धी कार्य पनि अन्तिम चरणमा रहेको ।

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विकास र विस्तार**

- धावन मार्गको उत्तर तर्फको एप्रोन निर्माण सर्वे सम्बन्धी काम सम्पन्न भई डिजिटल डाटा प्राप्त भएको, डिमार्केशनको काम भइरहेको ।
- आन्तरिक टर्मिनल भवनको renovation ८५ प्रतिशत सम्पन्न भएको छानो फेर्ने कार्य तथा A/C को duct राख्ने कार्य सम्पन्न भएको ।
- Electrical को कार्य सम्पन्न भएको ।
- False Ceiling को कार्य सम्पन्न भएको । Granite Flooring को कार्य भईरहेको।
- अन्तर्राष्ट्रिय टर्मिनल भवनको Renovation४८ प्रतिशत सम्पन्न भएको।
- Canopy Construction - २३५ सम्पन्न भएको ।
- ITB first floor मा Granite राख्ने कार्य सम्पन्न भएको ।
- जग्गा अधिग्रहण कार्य सम्पन्न भएको, घर टहराको मुआब्जा बितरण कार्य भैरहेको।
- धावन मार्गको उत्तर तर्फको एप्रोन निर्माणको लागि सर्वे सम्बन्धि काम सम्पन्न भइ डिजिटल डाटा प्राप्त भएको र डिमार्केशनको काम भइरहेको। कोभिड १९ का कारण चिनिया कामदारहरू परिचालित हुन नसकेको ।
- दक्षिण तर्फ समानान्तर ट्याक्सी वे विस्तार कार्यको Parallel Taxiway तथा Hangar Apron को Design Drawing, Estimate, Bidding Documents तयार भईसकेको, वोलपत्र आव्हान हुने क्रममा रहेको ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको International Apron को Bay No. 6 लाई पुनरुद्धार गर्न ठेक्का सम्झौता भएको ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक एयरपोर्टको रुपमा रुपान्तरण गर्न बगैचा निर्माणको कार्य, टर्मिनल भवनमा Silicon Painting को कार्य सम्पन्न भएको ।आगमन तर्फ एप्रोन नजिकै

बुद्धको धातुको ठुलो मुर्ति राखिएको साथै Baggage Claim Area मा कलात्मक मुर्तिहरू राख्ने कार्य सम्पन्न भएको ।

## निजगढ अन्तराष्ट्रिय विमानस्थल निर्माण कार्य

- नदि कटान नियन्त्रण कार्यको लागि सम्झौता गरि निर्माण कार्य जारि रहेको।
- गुरुयोजना तयार पार्ने कार्यको लागि परामर्शदाता छनौट सम्बन्धी आशयको सूचना प्रकाशन भएको ।

## आन्तरिक विमानस्थलहरूको विकास र स्तरोन्नति

- कालिकोट विमानस्थल कालोपत्रे गर्ने कार्य हाल सम्म ७० प्रतिशत सम्पन्न भएको।
- गुल्मी विमानस्थल कालोपत्रे निर्माण कार्य हाल सम्म ३५ प्रतिशत काम सम्पन्न भएको (माटोको र Drainage, सब बेसको काम हुँदै)।
- सुर्खेत र विराटनगर विमानस्थलको जग्गा अधिग्रहणको लागि मन्त्रिपरिषदबाट निर्णय भएर कार्यान्वयनको लागि CAAN मा पठाएको ।
- EIA को लागि TOR Scoping Document पेश गरिएको ताप्लेजुंङ विमानस्थलमा जमिन कटान को काम ६० प्रतिशत सम्पन्न भैसकेको तथा रनवे (विस्तार हुने १५० मि ०) को कालोपत्रे गर्ने काम को सुरुवात हुने अबस्थामा रहेको ।
- ईलाम विमानस्थलमा अर्थवर्क, सब बेस, बेस, ड्रेनेज लगायत कार्य सम्पन्न भइसकेकोर Asphalt Concrete गर्ने तयारी हुँदै।
- तुम्लिङ्गटार विमानस्थलमा Fire Access Road को Sub-Grade तयार भैसकेको र Asphalt Plant जडान भैसकेको, गिट्टी ढुँगा संकलन भैरहेको ।
- रामेछाप विमानस्थलमा रिभर ट्रेनिङ को कार्य ६००० घनमिटर सम्पन्न (९०००घनमिटर मध्ये)। बाँकी कार्य पौष पछि मात्र गर्न सकिने (नदिको level घटेपछि) । साथै धावनमार्ग विस्तार कार्यको लागि ठेक्का सम्झौता भई निर्माण कार्य शुरु भएको।
- राजबिराज विमानस्थलमा धावनमार्ग, ट्याक्सीवे, एप्रोन ओभरले कार्यको Tender आव्हान भएको।
- बिराटनगर तथा नेपालगन्ज विमानस्थलमा नयां टर्मिनल टावर भवन निर्माण कार्यको परामर्शदाता बाट प्राप्त Design Estimate चेक जांच हुदै, PQ र Consulting Service को ठेक्का आव्हान भएको।
- सुर्खेत विमानस्थलमा धावनमार्ग, ट्याक्सीवे, एप्रोन ओभरले तथा अन्य कार्यको निर्माण कार्य सुरु भएको।

- हुम्ला (सिमिकोट) विमानस्थलमा एप्रोन र हेलिप्याडको माटोको काम सम्पन्न, बेस काट्ने कार्य जारी।
- डोल्पा (मसिनेचौर) विमानस्थलमा धावनमार्ग, ट्याक्सीवे, एप्रोन कालोपत्रे तथा ड्रेनेज निर्माण कार्य हुदै।
- हवाई नीति, २०७७ को मस्यौदा तयार भई सरोकारवाला निकायहरूबाट प्राप्त राय सुझाव अनुसार मस्यौदालाई परिमार्जन गरी आवश्यक स्वीकृतीका लागि मन्त्रिपरिषदमा पेश गर्न अन्तिम तयारीमा रहेको ।
- हवाई सेवाको अन्तर्राष्ट्रिय स्तर कायम राख्नको निमित्त ICAO को Security Findings समाधानका लागि ICAO बाट स्वीकृत Corrective Action Plan (CAP) अनुसार कार्य भैरहेको ।
- हवाई सुरक्षा सम्बन्धी विभिन्न DOC संशोधन प्रक्रिया शुरुवात भएको ।
- पोखरा-भरतपुर, पोखरा-भैरहवा उडान भइरहेको ।

## नेपाल वायुसेवा निगम

- निगमको १० बर्षे व्यवसायिक योजना निर्माण कार्य सम्पन्न भएको ।
- B-757 9N ACB विमान विस्थापन गर्नेः B-757 9N ACB कम्पनीलाई बिक्रि गर्न छनौट गरी सम्झौता भैसकेको तर कोभिड १९ को कारण खरिदकर्ता आउन नसकी उक्त कार्य यथास्थितिमा रहेको ।
- नेपाल वायुसेवा कम्पनीको लागि सुविधा सम्वन्धी नेपाल सरकार मन्त्रीपरिषदबाट निर्णय भै कार्यान्वयन भएको ।

## बेरुजु फछ्र्यौटको अवस्था

| **सरकारी तर्फ** | **समिति, प्रतिष्ठान तथा कोष तर्फ-** |
|---|---|
| जम्मा बेरुजु:१ अर्व १६ करोड १७ लाख ६० हजार | जम्मा बेरुजु: १ अर्व २६ करोड १३ लाख ३६ हजार |
| फछ्र्यौटः १५ लाख ०४ हजार (६ करोड १४ लाख ९६ हजार म.ले.प.मा सम्परीक्षण गर्न पेश भएको) | फछ्र्यौट १ करोड ०६ लाख ७३ हजार |
| फछ्र्यौट प्रतिशतः ०.१२ | फछ्र्यौट प्रतिशतः ०.८४ |

**९. नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्य २०७७/०७८ अनुसार तयार भएका माइलस्टोनहरूको प्रथम चौमासिकसम्मको प्रगतिको अवस्था**

| **माइलस्टोन संख्या** | | | | |
|---|---|---|---|---|
| **जम्मा** | **चौमासिक भित्र सम्पन्न हुनु पर्ने** | | **सम्पन्न भएको** | **काम भैरहेको** |
| ८० **(असिवटा)** | चौमासिक भित्र सम्पन्न भैसक्नु पर्ने | २४ | | |
| | चौमासिक भित्र तोकिएको प्रतिशतमा सम्पन्नहुनु पर्ने | ९ | | |
| | जम्मा सम्पन्न हुनु पर्ने | **३३** | १७ | १६ |

नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्य २०७७/७८ अनुसार तयार भएका जम्मा ८० वटा माइलस्टोनहरू मध्ये २४ वटा कार्तिक मसान्तसम्ममा सम्पन्न हुनु पर्ने र ९ वटा कार्तिक मसान्त सम्ममा तोकिएको प्रतिशतमा सम्पन्न हुनुपर्ने रहेका छन् ।यी माइलस्टोनहरू मध्ये १७ वटा (७०.८%) सम्पन्न भइसकेका र १६ वटा कार्यान्वयनमा रहेको अवस्था छ ।